आ.व २०८१/०८२ को कमलबजार नगरकार्यपालिकाको (सत्रौ बैठक)

आज मिति २०८२।०३।३० गते सोमवारका दिन विहान ११:०० वजे यस कमलबजार नगरपलिकाका नगरप्रमुख श्री यज्ञप्रसाद ढकालज्यूको अध्यक्षतामा तपसिलका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो।

| सि नं | नामथर | पद | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | यज्ञ प्रसाद ढकाल | नगर प्रमुख | ९८४१३५७५१० | [signature] |
| २ | शारदा कुमारी बिष्ट | नगर उपप्रमुख | ९८६८५४५००७ | [signature] |
| ३ | भक्त बहादुर बोहरा | वडा अध्यक्ष, वडा नं.१ | ९८४८४५९१३३ | |
| ४ | दिर्घा टमट्टा | वडा अध्यक्ष, वडा नं.२ | ९८४८५३७६३७ | [signature] |
| ५ | नन्द सिँह कुवर | वडा अध्यक्ष, वडा नं.३ | ९८४१९८२०७७ | [signature] |
| ६ | मिन वहादुर साउद | वडा अध्यक्ष, वडा नं.४ | ९८६४५४८७८७ | [signature] |
| ७ | सत्यराज तिमिल्सैना | वडा अध्यक्ष, वडा नं.५ | ९८४८४७३३१६ | [signature] |
| ८ | लालबहादुर शाह | वडा अध्यक्ष, वडा नं.६ | ९८४८५५०७८५ | [signature] |
| ९ | नृप बहादुर वोहरा | वडा अध्यक्ष, वडा नं.७ | ९८४८६९२०२२ | [signature] |
| १० | प्रजा वहादुर वोगटी | वडा अध्यक्ष, वडा नं.८ | ९८४८४७५२०९ | [signature] |
| ११ | कमल प्रसाद बजगाई | वडा अध्यक्ष, वडा नं.९ | ९८४८५५००१८ | [signature] |
| १२ | भिम वहादुर बिष्ट | वडा अध्यक्ष, वडा नं.१० | ९८४८५९९७५९ | [signature] |
| १३ | लिलावति विष्ट | कार्यपालिका सदस्य ५ | ९८२२५७३०३० | |
| १४ | धनसरा ढोली | कार्यपालिका सदस्य, ३ | ९७४८७३०४७५ | |
| १५ | जमना कुमारी चलाउने | कार्यपालिका सदस्य, ८ | ९८४५९२५९३२ | [signature] |
| १६ | जानकी कुमारी विष्ट | कार्यपालिका सदस्य, ९ | ९८४८५५४१९० | |
| १७ | मना वड | कार्यपालिका सदस्य, ९ | ९८६५८२७९६८ | |
| १८ | गोविन्द सुनार | कार्यपालिका सदस्य, ७ | ९७४९८५०८५५ | [signature] |
| १९ | धन वहादुर कामी | कार्यपालिका सदस्य, १० | ९८४८५८७२४३ | [signature] |
| २० | लोकवहादुर शाही | नि.प्रमुख प्रशासकिय अधिकृत | ९८४८४३५८४० | [signature] |

Scanned with CamScanner

**१७ औं कार्यपालिकाको बैठकको कार्यसुचि**

१) पदाधिकारी ईन्धन मापदण्डको पालना गर्ने सम्बन्धमा ।

२) सवारी साधानको अवस्था पहिचानका लागि मेकानिकल ईन्जिनियरद्वारा मुल्यांकन गराई मर्मत तथा लिलाम बिक्रि ।

३) एम्बुलेन्सको आम्दानी खर्च सम्बन्धमा ।

४) करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।

५) बालविकास शिक्षकको अनुदान तथा परिचालिकालाई कामकाजमा खटाउने सम्बन्धमा ।

६) करारका कर्मचारीहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने सम्बन्धमा ।

७) रोजगार सेवा केन्द्रमा जनशक्ति व्यवस्थापन सम्बन्धमा ।

८) आवधिक योजना MTEF र नया ऐन अनुमोदन सम्बन्धमा ।

९) करार सेवामा कार्यरत कर्मचारीको तलब स्केल सम्बन्धमा ।

Scanned with CamScanner

निर्णय नं १

कार्यालयको मितिव्ययिता पारदर्शिता सुशासनको प्रत्याभुत गराउन कार्यालयवाट सम्पादन हुने प्रत्येक क्रियाकलापमा खर्च नियन्त्रण प्रणालीलाई कडाईका साथ लागु गर्ने । यसै सन्दर्भमा पदाधिकारीहरुले ईन्धन वापतको पाउने सुविधा प्रदेश सरकारवाट जारी भै कार्यान्वयनमा रहेको स्थानिय पदाधिकारीहरुले पाउने सेवा सम्वन्धि ऐन नियमावलि वमोजिम हुने गरी गरिएको व्यवस्था वमोजिम मात्र ईन्धन उपलवध गराउने ।

निर्णय नं २

यस कमलबजार नगरपालिकाको स्वामित्वमा रहेका सम्पुर्ण सवारी साधानहरुको मर्मत वा लिलाम विक्रि गर्ने सन्दर्भमा सवारी साधनहरुको अवस्था पहिचान गर्न मेकानिकल ईन्जिनियरसंग सेवा परामर्श लिई मर्मत गरी प्रयोगमा आउने भएमा मर्मतको प्रक्रिया अगाडि वढाउने । यदि मर्मत गर्न नियम भन्दा बढी लगानी लाग्ने र स्टोर गरी राख्न उपयुक्त नदेखिएमा लिलाम प्रक्रिया अगाडि वढाउने ।

निर्णय नं ३

प्राथमिक स्वास्थ्य केन्द्र कमलबजारद्धारा संचालित एम्बुलेन्सको आम्दानी तथा लेखाकंनका सन्दर्भमा अपारदर्शिता देखिनुका साथै मर्मत संभार तथा ईन्धन उपयोग समेतको खर्च कार्यपालिकाको कार्यालयवाट व्यहोर्नु पर्दा व्ययभार वढ्न गएकाले उक्त ऐम्वुलेन्सलाई व्यवस्थित रुपमा संचालन गर्न यस पुर्वको आम्दानी खर्चको लेखाजोखा गरी आयव्यय रकम एकिन गरी सम्वन्धितवाट असुल उपर गर्ने र अव उपारान्त राजश्व शाखावाट रसिद कटाएर मात्र सेवा प्रवाह गर्ने र उक्त ऐमवुलेन्सको मर्मत तथा ईन्धन वापत खर्च हुन जाने र खर्च हुन गएको रकम कार्यालयवाट भुक्तानी गर्ने ।

Scanned with CamScanner

Scanned with
CamScanner

निर्णय नं ६

यस कमलवजार नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्धता गर्ने र सो का लागि आवश्यक वजेट विनियोजन गर्न नगर सभामा सिफारिसे गर्ने निर्णय गरियो ।

निर्णय नं ७

नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रधानमन्त्री रोजगार कार्यक्रमको च नं ४१९ मिति २०८२।०२।०१ को प्राप्त पत्रानुसार युवा रोजगीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गत सेवा करारमा कार्यरत प्राविधिक सहायक र रोजगार सहायकको पारश्रमिक सम्वन्धित स्थानिय तहवाट व्यहोर्नु हुन भनि अनुरोध भै आएकाले प्राविधिक सहायक नरेन्द्र वहादुर शाह र रोजगार सहायक अर्जु वहादुर रावत र कृपि शाखामा कार्यरत ना. प्रा. स. वृखवहादुर विष्टको प्रचलित कानुन अनुसारको पारिश्रमिक भुक्तानी दायित्व स्वीकार गरी निज ३ जनाको करार सेवा निरन्तरता दिई म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं ८

सेवा करार लिई निर्माण गरिएका कमलवजार नगरपालिकाको ५ वर्षे आवधिक योजना (०८२।०८३-०८६।०८७) ,मध्यकालिन खर्च संरचना र कैहि नया कानुन अनुमोदन गरी पारितका लागि नगर सभामा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं ९

यस कमलवजार नगरपालिकामा करार सेवामा कार्यरत कर्मचारीहरुको तलव स्केल प्रचलित कानुन अनुसार करार सम्झौता उल्लेख भए वमोजिम वमोजिक भुक्तानी दिने र स्वास्थ्य संस्थामा कार्यरत स्वीपरको मासिक तलव रु १८०००।० भुक्तानी दिने र सो का लागि आवश्यक वजेट विनियोजन गर्न नगर सभामा सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner